सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना
माननीय न्यायाधीश श्री मेघराज पोखरेल
फैसला

०८०-CR-०३५१
मुद्दाः- विदेशी विनिमय (भारतीय रूपैयाँ) अवैध ओसारपसार कारोबार।

जिल्ला रूपन्देही, बुटवल उपमहानगरपालिका वडा नं.१६ बेठौलिया बस्ने पुजारी प्रसाद चौधरीको छोरा हेमराज कठरिया .....१ पुनरावेदक
जिल्ला रूपन्देही, रोहिणी गाउँपालिका वडा नं. ५ पिपरहवा बस्ने भैरवनाथ योगीको नाति छोटकुनाथ योगीको छोरा दुधनाथ योगी.....१ प्रतिवादी

विरुद्ध

प्र.नि. उमेश जोशी समेतको प्रतिवेदन जाहेरीले नेपाल सरकार .....१ प्रत्यर्थी वादी

शुरू तहको फैसला विवरण : श्री रुपन्देही जिल्ला अदालत
: माननीय न्यायाधीश श्री बलराम लम्साल
: २०७७।०९।१५
: ०७५-C२-०००९

पुनरावेदन तहको फैसला विवरण : श्री उच्च अदालत तुलसीपुर, बुटवल इजलास
: माननीय न्यायाधीश श्री अग्नीप्रसाद थपलिया
: माननीय न्यायाधीश श्री ममता खनाल
: ०७८-CS-००७५ र ०७८-CS-०२३२
: २०७८।०९।२६

उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७८।०९।२६ को फैसलाउपर प्रतिवादीको तर्फबाट मुद्दा दोहोऱ्याई हेरिपाऊँ भन्ने निवेदन परी न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को उपदफा (१) को खण्ड (क) बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान भई पुनरावेदनको रोहमा दर्ता भई पेस भएको यस अदालतको क्षेत्राधिकारभित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् यस अदालतको ठहर यसप्रकार छः-

तथ्य खण्ड

१. मिति २०७५।०४।०१ गतेका दिन अन्दाजी १५:०० बजेको समयमा रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. १३ White Lotus होटलको कोठा नं. १०७ मा रुपन्देही जिल्ला, रोहिणी गाउँपालिका वडा नं. ५ पिपरा बस्ने वर्ष ५४ को दुधनाथ योगी, रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. २ बस्ने वर्ष ३७ को गणेश थापा, रुपन्देही जिल्ला, बुटबल उपमहानगरपालिका वडा नं. १६ बेठौलिया बस्ने वर्ष ४२ को हेमराज कठरिया र सोही कोठाको दक्षिणपट्टि रहेको झोलाबाट पुरानो भा.रु.१,०००।- दरको २,६५० थान र ५०० दरको ५,३०० थान गरी जम्मा भा. रु. ५३,००,०००।- (त्रिपन्न लाख) फेला परेको भन्नेसमेत बेहोराको बरामदी तथा खानतलासी मुचुल्का।

२. मिति २०७५।०४।०१ गतेका दिन अन्दाजी १५:०० बजेको समयमा रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. १३ White Lotus होटलको कोठा नं. १०७ मा अबैध रुपले पुरानो भा. रु. नोटको कारोबार भइरहेको भन्ने गोप्य सूचनाको आधारमा उक्त स्थानमा खटिई गएको प्रहरी टोलीले White Lotus होटलको कोठा नं. १०७ मा खानतलासी गर्दा सोही कोठामा रुपन्देही जिल्ला, रोहिणी गाउँपालिका वडा नं. ५ पिपरा बस्ने वर्ष ५४ को दुधनाथ योगी, रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. २ बस्ने वर्ष ३७ को गणेश थापा, रुपन्देही जिल्ला, बुटबल उपमहानगरपालिका वडा नं. १६ बेठौलिया बस्ने वर्ष ४२ को हेमराज कठरिया बसेको र सोही कोठाको दक्षिणपट्टी रहेको झोलाबाट पुरानो भा. रु.१,००० दरको २,६५० थान र ५०० दरको ५,३०० थान गरी जम्मा भा. रु. ५३,००,०००।- (त्रिपन्न लाख) फेला पर्नुका साथै उक्त भा.रु. कहाँबाट ल्याएको भनी सोधपुछ गर्दा पक्राउ परेकामध्ये हेमराज कठरियाले उक्त रकम रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. ८ बर्मेली टोल बस्ने वर्ष ३८ को राजु बुढाथोकीले दिएका हुन् भनेकाले निजलाई खोजतलास गर्दा रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. १३ देवकोटा चोकमा फेला पारी पक्राउ गरी आवश्यक कानूनी कारवाहीका लागि प्रतिवेदन सहित दाखिला गरेका छौं भन्नेसमेत बेहोराको जिल्ला प्रहरी कार्यालय, रुपन्देहीका प्र.नि. उमेश जोशी समेतको प्रतिवेदन।

३. मिति २०७५।०४।०१ गतेका दिन अन्दाजी १५:०० बजेको समयमा रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. १३ White Lotus होटलको कोठा नं. १०७ मा अबैध रुपले पुरानो भा.रु. नोटको कारोबार भइरहेको भन्ने गोप्य सूचनाको आधारमा प्रहरी टोली खटिई गई White Lotus होटलको कोठा नं. १०७ मा खानतलासी गर्दा सोही कोठामा दुधनाथ योगी, गणेश थापा, हेमराज कठरिया बसेको र सोही कोठाको दक्षिणपट्टी रहेको झोलाबाट पुरानो भा.रु. १,००० दरको २,६५० थान र ५०० दरको ५,३०० थान गरी जम्मा भा. रु. ५३,००,०००।- (त्रिपन्न लाख) फेला परेको साथै उक्त भा. रु. कहाँबाट ल्याएको भनी सोधपुछ गर्दा पक्राउ परेकामध्ये हेमराज कठरियाले उक्त रकम राजु बुढाथोकीले दिएका हुन् भनेकाले निजलाई समेत खोजतलास गरेर पक्राउ गरी आवश्यक कानूनी कारवाहीका लागि पठाइएको भन्नेसमेत बेहोराको जिल्ला प्रहरी कार्यालय, रुपन्देहीको च.नं. २६, मिति २०७५।०४।०२ को पत्र।

४. रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. १३ स्थित White Lotus होटलको कोठा नं. १०७ मा फेला परेको भा.रु. ५३,००,०००।- (त्रिपन्न लाख) हामीसँगै पक्राउ परेका हेमराज कठरियाले ल्याएको रुपैँया हो। निजले मलाई भा. रु. किन्ने ग्राहक खोज्न भनेकोले मैले कमिसनको लोभमा परी भा. रु. सटही गर्ने ग्राहक खोज्ने काम मात्र गरेको हो। उक्त भा.रु. सटही भएपछि मलाई रु.१,२५,०००।- कमिसन दिने भनेको थियो। सो भा. रु. बिक्री गर्ने क्रममा हामी पक्राउ परेको हो भन्नेसमेत बेहोराको प्रतिवादी दुधनाथ योगीले राजश्व अनुसन्धान विभागका अनुसन्धान अधिकारी समक्ष गरेको बयान।

५. रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. १३ स्थित White Lotus होटलको कोठा नं. १०७ मा फेला परेको भा.रु.५३,००,०००।- (त्रिपन्न लाख) हामीसँगै पक्राउ परेका हेमराज कठरियाले ल्याएको भा. रु. हो। निजले मलाई भा. रु. किन्ने ग्राहक खोज्न भनेकोले म र दुधनाथ योगी मिली कमिसनको लोभमा परी भा. रु. सटही गर्ने ग्राहाक खोज्ने काम मात्र गरेका हौं। उक्त भा.रु. सटही भएपछि मलाई २,५०,००० कमिसन दिने भनेको थियो। सो भा.रु. बिक्री गर्ने क्रममा हामी पक्राउ परेको हो भन्नेसमेत बेहोराको प्रतिवादी गणेश थापा भन्ने गणेश दगामी थापाले राजस्व अनुसन्धान विभागका अनुसन्धान अधिकारी समक्ष गरेको बयान।

६. रुपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. १३ स्थित White Lotus होटलको कोठा नं. १०७ मा फेला परेको भा.रु. ५३,००,०००।- (त्रिपन्न लाख) मैले दुधनाथ योगीलाई सटही गर्न भनी दिएको रकम हो। निजलाई मैले भा. रु. किन्ने ग्राहक खोजिदिन भनेको थिएँ। उहाँले मिति २०७५।०४।०१ गते White Lotus होटलमा लिई आउन भनेकोले लिएर दुधनाथ योगीलाई दिएको हुँ। बरामद भएको भा. रु. राजु बुढाथोकीले चिनाइ दिएको मानिस राजेश बोगटी मार्फत ६/७ महिना पहिले भा. रु.१०० को ने.रु.

३० का दरले मैले खरिद गरेको हुँ भन्नेसमेत बेहोराको प्रतिवादी हेमराज कठरियाले राजस्व अनुसन्धान विभागका अनुसन्धान अधिकारी समक्ष गरेको बयान।

७. म सँगै पक्राउ परेका हेमराज कठरियाले ६/७ महिना पहिले सस्तोमा भा. रु. रकम पाइन्छ भने म खरिद गर्छु भनेकोले मैले मेरो चिनजानको मानिस राजेश बोगटीलाई भनेको थिएँ। राजेश बोगटीले भारतीय नागरिक राजेश जैशवाललाई भनेर निजले भा.रु. १०० को ने.रु. ३० का दरले बिक्री गरेको भारतीय रुपैयाँ हेमराज कठरियाले खरिद गरेको हो। भा.रु कारोबार गर्ने व्यक्ति खोजी दिएवापत मलाई राजेश बोगटीले रु. १,४०,०००।- कमिसन दिने कुरा थियो। त्यही ६/७ महिना पहिले खरिद गरेको भा.रु. मिति २०७५।०४।०१ गते बरामद भएको रहेछ भन्नेसमेत व्यहोराको प्रतिवादी राजु बुढाथोकीले राजश्व अनुसन्धान विभागका अनुसन्धान अधिकारी समक्ष गरेको बयान।

८. मिसिल संलग्न बरामदी तथा खानतलासी मुचुल्का, प्रतिवादीहरुको बयान लगायतको तत्काल प्राप्त कागज प्रमाणका आधारमा नेपालमा कारोबारमा प्रतिबन्ध लगाइएको भारतीय मुद्रा कारोबार गर्ने मनसायले भारतीय नागरिकबाट भा.रु.१००० र ५०० दरको नोटहरु नेपालमा खरिद गरी निजहरुले नेपालमा कारोबार गर्न लागेको हुँदा सो कार्य विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ विपरितको कसूर अपराध होइन भन्न सकिने अबस्था नहुँदा अनुसन्धानबाट खुली आएमा कानून बमोजिम हुने गरी नेपाल राष्ट्र बैङ्कको सटही बिक्रीदर अनुसार भा.रु. १०० को ने. रु. १६०।१५ का दरले प्रतिवादीहरुबाट बरामद भएको जम्मा भा. रु. ५३,००,००।- (त्रिपन्न लाख) को हुने ने. रु. ८४,८७,९५०।- (चौरासी लाख सतासी हजार नौ सय पचास) लाई जम्मा विगो कायम गरी प्रतिवादीहरुसँग विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा १७ (१०) बमोजिम जनही रु. २१,२१,९८८।- का दरले धरौटी माग गर्ने। माग बमोजिमको धरौटी दाखिला गरेमा प्रतिवादीहरु दुधनाथ योगी, गणेश थापा, हेमराज कठरिया र राजु बुढाथोकीलाई धरौटी तारेखमा राखी अनुसन्धान अगाडि बढाउने, धरौटी दाखिला नगरेमा ऐ. ऐनको दफा १७(१२) बमोजिम प्रतिवादीहरुलाई थुनामा राखी अनुसन्धानको कारबाही अगाडि बढाउने साथै प्रतिवादी राजु बुढाथोकीले बयानमा खुलाएका व्यक्ति राजेश बोगटी र राजेश जैसवालका सम्बन्धमा समेत अनुसन्धान गर्ने भनी मिति २०७५।०४।०३ मा राजस्व अनुसन्धान विभागबाट भएको आदेश।

९. प्रतिवादीहरु दुधनाथ योगी, गणेश थापा भन्ने गणेश दगामी थापा, हेमराज कठरिया र राजु बुढाथोकी समेतको सहकार्यबाट प्रतिबन्धित भारतीय मुद्रा रु.१,००० र रु.५०० दरका जम्मा भा.रू.५३,००,०००।- (त्रिपन्न लाख) को अबैध कारोबार ओसारपसार गरेको पुष्टि भएकोले निज प्रतिवादीहरुको उक्त कार्य विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३,४,५ तथा ऐ. ऐनको दफा १२ को अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैङ्क, केन्द्रीय

कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभागले जारी गरेको मिति २०७४।०३।२३ को संशोधित एकिकृत परिपत्र, २०७४ को बुँदा नं. १३ विपरितको कसूर अपराध हुँदा निजहरु उपर बरामद भा.रू. ५३,००,०००।- (त्रिपन्न लाख) को नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दरले हिसाब गर्दा हुने ने.रु. ८४,८७४,९५०।- (चौरासी लाख सतासी हजार नौ सय पचास) लाई विगो कायम गरी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा १७(१) बमोजिम विगो बमोजिमको जरिवाना देखि विगोको तीन गुणासम्म थप जरीवाना गरी ऐ. ऐनको दफा १७(१) बमोजिम बरामद भएको भा. रु. जफत होस् भन्ने बेहोराको अभियोग पत्र।

१०. राजेश बोगटी भन्ने व्यक्तिले रु.३० लाख भारतीय नोट छ भनेकोले हेमराज कठरियाले उक्त नोट सप्लाई गर्ने हुँदा मैले निजलाई चिनाई दिएको हुँ। त्यसपछि निज हेमराज कठरियाले रु.२३ लाख भारतीय नोटहरु समेत अन्यत्रबाट जम्मा गरी रु.५३ लाख भा.रु. बनाई सह-प्रतिवादीहरु दुधनाथ योगी र गणेश थापासँग कारोबार गरेको अवस्थामा लोटस होटलबाट ती नोटहरु बरामद गरी प्रहरीले पक्राउ गरेका हुन्। मबाट बरामद भएको होइन। मलाई निजहरुले रु.१,४०,०००।- को चेक दिएको हुँदा सोको आधारमा प्रहरीले पक्राउ गरेका हुन्। मलाई चिनाए वापत कमिसन दिने कुरा भएको हो। मैले उक्त कारोबार गरेको होइन। मबाट भारतीय नोटहरु बरामद नभएको र ओसारपसारसमेत नगरेको हुँदा मलाई अभियोग मागदावी बमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी राजु बुढाथोकीले सुरु रुपन्देही जिल्ला अदालतमा गरेको बयान।

११. राजु सिवाकोटी भन्ने व्यक्ति मेरो ग्यारेजमा गाडी धुन आएको समयमा चिनजान भई निजले मलाई डिस्टिलरी किन्ने कुरा गरेकाले म निज बसेको लोटस होटलमा गई सह-प्रतिवादीहरु दुधनाथ योगी र हेमराज कठरिया समेत आएपछि राजु सिवाकोटीले फोन गरी प्रहरीलाई बोलाएकोले झोलाको पैसा सहित पक्राउ गरेका हुन्। सो पैसा कस्को हो मलाई थाहा भएन। म लोटस होटलमा डिस्टिलरीको कुराकानी गर्न गएको थिए। प्रहरीले आफैले बयान व्यहोरा लेखी मलाई पढीवाची नसुनाई सहिछाप गराएका हुन्। सह-प्रतिवादीहरुसँग पूर्व चिनजान थिएन। मुद्दा परेपछि मात्र चिनजान भएको हो भन्नेसमेत बेहोराको प्रतिवादी गणेश दगामी थापाले सुरु रुपन्देही जिल्ला अदालतमा गरेको बयान।

१२. राजु सिवाकोटीले फोन गरी जग्गा चाहिएको छ भनी बोलाएकोले म लोटस होटलमा गएको समयमा प्रहरी आई सो कोठाको कुनाबाट भारतीय नोटहरु बरामद गरेका हुन्। मबाट सो नोटहरु बरामद भएको होइन। सो नोटहरु कसको हो मलाई थाहा भएन। मैले त्यस्तो कारोबार गर्दिन। प्रहरीले आफैले बयान बेहोरा लेखी मलाई पढीवाची नसुनाई सहिछाप गराएका हुन्। सह-प्रतिवादीहरुसँग पूर्व चिनजान थिएन। पक्राउ भएपछि मात्र

चिनजान भएको हो भन्नेसमेत बेहोराको प्रतिवादी हेमराज कठरियाले सुरु रूपन्देही जिल्ला अदालतमा गरेको बयान।

१३. राजु सिवाकोटीले फोन गरी जग्गा चाहिएको छ भनी बोलाएकोले म लोटस होटलमा गएको समयमा प्रहरी आई सो कोठाको कुनाबाट भा.रु. नोटहरु बरामद गरेका हुन्। म बाट बरामद भएको होइन। सो नोटहरु कसको हो मलाई थाहा भएन। मैले त्यस्तो कारोबार गर्दिन। प्रहरीले आफैले बयान बेहोरा लेखी मलाई पढीवाची नसुनाई सहिछाप गराएका हुन्। सह-प्रतिवादीहरुसँग पूर्व चिनजान थिएन। पक्राउ भएपछि मात्र चिनजान भएको हो भन्नेसमेत बेहोराको प्रतिवादी दुधनाथ योगीले सुरु रुपन्देही जिल्ला अदालतमा गरेको बयान।

१४. सुरु रूपन्देही जिल्ला अदालतबाट भएको आदेशानुसार मिति २०७५।४।६ मा प्रतिवादीहरु गणेश दगामी थापा र दुधनाथ योगीले र मिति २०७५।४।४ मा प्रतिवादी हेमराज कठरियाले जनही नगद धरौट रु.२१,२१,९८८।- (एक्काइस लाख एक्काइस हजार नौ सय अठासी रुपैयाँ) राजश्व अनुसन्धान विभागमा राखी तारेखमा रही मुद्दाको पूर्पक्ष गर्दै आएको र प्रतिवादी राजु बुढाथोकीले माग भएको रु. २१,२१,९८८।- (एक्काइस लाख एक्काइस हजार नौ सय अठासी रुपैयाँ) धरौट दाखिला गर्न नसकी मुद्दा पूर्पक्षको लागि थुनामा रहेको ।

१५. प्रतिवादी गणेश थापाको चालचलन राम्रो छ। निज प्रतिवादीको उक्त वारदातमा संलग्नता छैन। अभियोग दावी बमोजिमको सजाय पाउनु पर्ने होइन भन्नेसमेत बेहोराको प्रतिवादी गणेश दगामी थापाको साक्षी पवन कार्कीले सुरु अदालतमा गरेको बकपत्र।

१६. म र प्रतिवादी दुधनाथ योगी भई भैरहवा आई मोटरसाईकल बिग्रेकाले मोटरसाईकल बनाई स्ट्राट गर्दा राजु सिवाकोटीले प्रतिवादी दुधनाथ योगीलाई फोन गरेका थिए। दुधनाथ फोनमा के बोलेका हुन् मलाई थाहा भएन। पछि निजले म आउँदै छु भनी मलाई देवकोटा चोकमा लिएर आई यहि बाहिर बस्नुहोस्, लोटस होटलमा राजु सिवाकोटी बसेका छन् भेटेर आउँछु भनी गएका थिए। निज दुधनाथ योगी ४ बजे सम्म नआएपछि म घर फर्केको हुँ। प्रतिवादीसँग झोला ब्याग केही थिएन। निजले भा.रु. सटहीको काम गर्दैनन्। निजसँग सो भा.रु. नोटहरु बरामद भएको होइन। निज उपरको दावी झुठ्ठा हो भन्नेसमेत बेहोराको प्रतिवादी दुधनाथ योगीका साक्षी मनउवर अलि शेषले सुरु अदालतमा गरेको बकपत्र।

१७. म र प्रतिवादी हेमराज कठरिया भई सुनौली जान भनी भैरहवामा आएपछि निजलाई राजु सिवाकोटीले फोन गरेकाले म देवकोटा चोकमा बसे र निज हेमराज कठरिया साथिलाई भेटेर आउँछु भनी गएका हुन्। निज हेमराज कठरीया ५ बजेसम्म पनि नआएकोले म घर

फर्केको हुँ। निजसँग झोला ब्याग केही थिएन। निजले भा.रु. सटहीको काम गर्दैनन्। निजको साथबाट दावी बमोजिमको नोट बरामद भएको होइन भन्नेसमेत बेहोराको प्रतिवादी हेमराज कठरियाका साक्षी लिलाराम ढुंगानाले सुरु अदालतमा गरेको बकपत्र।

१८. मिति २०७५।४।१ गतेको दिन होटल ह्वाईट लोटसको कोठा नं.१०७ मा प्रतिवादीहरु गणेश थापा, दुधराज योगी र हेमराज कठरिया बसेको अवस्थामा उक्त कोठबाट खैरो रङको झोलामा बरामदी र खानतलासी मुचुल्कामा उल्लेख भएबमोजिमका भारतीय हजार र पाँच सय दरका नोट जम्मा भा.रु.५३,००,०००।— (त्रिपन्न लाख) रुपैयाँ बरामद भएको हो। होटल बुकिङ कसको नाममा थियो मलाई थाहा भएन। भारतीय नोटहरु वरामद भएको स्थानमा सोधपुछ गर्दा प्रतिवादीमध्येका हेमराज कठरियाले वरामद भएको रकममध्ये ३० लाख प्रतिवादी राजु वुढाथोकीले दिएका हुन भनी बताएका थिए भन्नेसमेत बेहोराको प्रतिवेदक प्र.नि.उमेश जोशीले सुरु अदालतमा गरेको बकपत्र।

१९. मिसिल संलग्न वरामदी तथा खानतलासी मुचुल्का, मौकाको प्रहरी प्रतिवेदन एवं प्रतिवेदकले यस अदालतसमक्ष उपस्थित भै गरेको बकपत्र, प्रतिवादीहरुको बयान व्यहोरा तथा नेपाल राष्ट्र बैङ्कको पत्र बेहोरा समेतका सवुत प्रमाणहरुका आधारमा प्रतिवादीहरु दुधनाथ योगी, गणेश दगामी थापा, हेमराज कठरिया र राजु वुढाथोकीले अभियोग मागदावी बमोजिम विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७ को उपदफा (१) बमोजिमको कसूर गरेको ठहरी सुरु जिल्ला अदालतबाट भएको कसूर निर्धारण।

२०. प्रस्तुत मुद्दाको तथ्यगत अवस्था, प्रतिवादीहरुको बयान, राष्ट्र बैङ्कको परिपत्र तथा विदेशी विनिमय रकमको मात्रा तथा प्रतिवादीहरुले भारतीय सरकारले चलन चल्तीबाट हटाएको रु.१००० र रु. ५०० दरका भारतीय नोटलाई प्रतिवादीहरुले कारोबार गरेको र सो नोटलाई नेपालमा समेत कारोबार गर्न रोक लगाएको हाल चलन चल्ती र कारोबारमा नरहेका नोटहरु कारोबार गरेको अवस्था समेतलाई विचार गर्दा, यी प्रतिवादीहरुलाई अधिकतम सजाय नगर्दा समेत कानूनको मकसद पुरा हुने नै देखिदा प्रतिवादीहरुको साथबाट वरामद भएको विदेशी विनिमय (भा.रु.५३,००,०००।-) विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७ को उपदफा (१) वमोजिम जफत हुने तथा निज प्रतिवादीहरु दुधनाथ योगी, गणेश दगामी थापा, हेमराज कठरिया र राजु वुढाथोकीलाई सोही ऐनको दफा १७(१) बमोजिम वरामदित विदेशी विनिमय (भा.रु.५३,००,०००।-) को नेपाली रुपैयाँ बराबर हुने रकम रु.८४,८७,९५०।- (अक्षेरुपी चौरासी लाख सत्तासी हजार नौ सय पचास रुपैयाँ) विगोको आधारमा प्रतिवादीहरु दुधनाथ योगी, गणेश दगामी थापा, हेमराज कठरिया र राजु वुढाथोकीबाट सोही बराबरको अर्थात रु.८४,८७,९५०।- (अक्षेरुपी चौरासी लाख सत्तासी हजार नौसय पचास रुपैयाँ) जरिवाना समेतको सजाय भई उक्त जरीवाना प्रतिवादीहरु दुधनाथ योगी, गणेश दगामी थापा, हेमराज कठरिया र राजु

वुढाथोकीबाट दामासाहीका दरले असूल गर्ने ठहर्छ भन्ने सुरु रुपन्देही जिल्ला अदालतको मिति २०७७।९।१५ को फैसला।

२१. बरामद भएको नोट मेरो साथबाट बरामद भएको होइन। अपराधसँग सम्बन्धित कुनै पनि चिजबस्तु मसँगबाट बरामद भएको होइन। मैले अधिकारप्राप्त अधिकारी समक्ष जुन बयान भएको छ त्यो मेरो ईच्छा विपरीत लेखी सहीछाप गराएका हुन्। अधिकारप्राप्त अधिकारीको बयान कै आधारबाट मलाई सजायको भागीदार गरिएको मेरो बयान अदालतमा आई खण्डित भएको उक्त अवैध रुपैयाँ मेरोसँग साथबाट बरामद समेत नभएको मेरो साथबाट बरामद भएको कुनै पनि प्रमाणले पुष्टि नगरेको मैले कुन के स्रोतबाट ल्याएको अनुसन्धानबाट खुल्दैन। सहप्रतिवादीहरूसँग पूर्व चिनजान केही पनि थिएन। मिति २०७५।४।१ को बरामदी खानतलासी मुचुल्का अनुसार उक्त अवैध भनिएको रकम हाइट लोटर होटलको १०७ नं. को कोठाबाट सो कोठाको पश्चिम भित्तासँग सटाएर राखेको टि-टेबुल माथिबाट बरामद भएको उक्त बरामद भएको नोट मैले ल्याएको भन्ने कुनै स्वतन्त्र प्रमाणबाट पुष्टि नभएको साथै प्रतिवेदकको बकपत्र एकआपसमा विरोधाभाषपूर्ण रहेको हुँदा फैसला त्रुटिपूर्ण छ भन्नेसमेत बेहोराको पुनरावेदक प्रतिवादी हेमराज कठरियाको पुनरावेदनपत्र।

२२. मैले सहप्रतिवादीहरु लाई चिन्दीन, सह प्रतिवादीहरुसँग संलग्न भई सहकार्य र मिलोमतो गरी चलनचल्तीमा नरहेको नेपालमा समेत कारोवार गर्न प्रतिवन्धित भा.रु. रुपैंया कारोवारसँग सम्बन्धित कुनै पनि कार्य मैले गरेको पनि छैन र उक्त कार्यमा म संलग्न समेत छैन। प्रतिवादीहरुसँग मिलोमतो कार्य गरी अवैध भारतीय रुपैंया कारोबार मैले नगरेको र म निर्दोष छु भन्ने कुरा मिसिल संलग्न वस्तुनिष्ठ प्रमाणहरुबाट पुष्टि हुँदा हुँदै मलाई कसूरदार ठहराई गरिएको फैसला गम्भीर कानूनी त्रुटीपूर्ण हुर्दा उक्त फैसला पूर्ण रुपमा उल्टी बदर गरी मलाई सफाई दिलाई म बाट दाखिला गरेको धरौटी रकम फिर्ता पाऊँ। म कृषि पेशाका साथसाथै जग्गा खरीद विकी सम्बन्धी काम गर्दै आएकोमा मिति २०७५।४।१ गते भैरहवामा खाद लिन आउँदा मोटरसाइकल मर्मत गर्न भाजरत्नमा गएको बेला सहप्रतिवादी राजु सिवाकोटीले जग्गाको सिलसिलामा कुराकानी गर्न भनी फोन गरी White lotus भन्ने होटलमा बोलाएकोले म त्यहा जादा सहप्रतिवादीहरु सोही होटलमा रहेको बसेको अवस्थामा प्रहरी आई कोठाको कुनाबाट खैरो रङ्गको झोला निकाली हेरी उक्त भारतीय रुपैयाँ बरामद गरी म समेतलाई पक्राउ गरेका हुन। कोठाको कुनाबाट बरामदित भारतीय रुपैयाँ कसले ल्याएका हुन? कसको हो? मलाई थाहा नभएको र मैले अवैध भारतीय रुपैयाँ कारोबार नगर्ने र गरेको भन्ने अभियोजन पक्षले पुष्टाई समेत गर्न नसकेको अवस्थामा मलाई कसूरदार ठहराई जरिवाना हुने गरी गरीएको फैसला गम्भीर

कानूनी त्रुटीपूर्ण रहेको हुँदा उक्त फैसला उल्टी गरी अभियोग दावीबाट सफाई पाऊँ भन्नेसमेत बेहोराको प्रतिवादी दुधनाथ योगीले पेश गरेको पुनरावेदनपत्र।

२३. यसमा सुरु रुपन्देही जिल्ला अदालतबाट मिति २०७७।९।१५ मा भएको फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ भनी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७८।०९।२६ मा भएको फैसला।

२४. बरामद भएको नोट मेरो सँग साथबाट बरामद भएको होइन। अपराधसँग सम्बन्धित कुनै पनि चिजबस्तु मबाट बरामद भएको होइन। मेरो अधिकारप्राप्त अधिकारी समक्ष जुन बयान भएको छ त्यो मेरो ईच्छा विपरित लेखी सहीछाप गराएका हुन्। सो कुरा मैले अदालतसमक्ष बयान गर्दा स्पष्ट खुलाएको छु। अधिकारप्राप्त अधिकारी सकक्ष भएको बयानकै आधारबाट मलाई सजायको भागीदार गरिएको छ। बरामद भएको रकम मैले कुन के स्रोतबाट ल्याएको हो त्यो अनुसन्धानबाट खुल्दैन। मलाई राजु सिवाकोटीले १ विगाहा जग्गा चाहिएको छ भनी फोन गरेकोले त्यही सिलसिलामा मिति २०७५।४।१ गते म भैरहवा गई उक्त होटलमा रहेकोले प्रहरीले सोही ह्वाईट लोटस होटलबाट पक्राउ गरेका हुन्। उक्त प्रतिबन्धित नोटहरू मसहित बसी रहेको ह्वाइट लोटस होटलको कोठाको कुनाबाट बरामद भएको हो, सो रकम कसको हो मलाई थाहा छैन। मबाट कुनै नोटहरू बरामद नभएको, उक्त बरामद भएको नोट मैले ल्याएको भन्ने कुनै स्वतन्त्र प्रमाणबाट पुष्टि नभएको र उक्त कोठा मैले भाडामा लिएको पनि कहिकतैबाट पुष्टि भएको छैन। बरामदी खानतलासी मुचुल्का बनाउदा मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १९ को उपदफा २ बमोजिमको कानूनी प्रक्रिया पुरा नगरी गरिएको छ। फौजदारी मुद्दामा अपराध हुनका लागि मनसाय, तयारी र कार्य हुनु अनिवार्य छ। बरामद गरिएको विदेशी भारतीय नोट जसलाई बरामदी मुचुल्का र प्रहरी प्रतिवेदनमा पुरानो भारतीय नोट भनिएको छ अर्थात कुनै पनि देशको नोट वा मुद्रा नयाँ वा पुरानो भएको कारण चल्ने नचल्ने के हो? अथवा त्यसको वैद्यता छ छैन? चलन चल्तीमा ल्याउन मिल्छ वा मिल्दैन? त्यो महत्वपूर्ण कुरा हो। जुन देशको नोट वा मुद्रालाई सो देशले नोटबन्दी गरी नचल्ने घोषणा गरेको छ भने सो नोट वा मुद्रा जसले लिएर हिँडेपनि कागजको खोस्टो बराबर हुने अवस्था हो। अभियोजन पक्षले हचुवाको भरमा दर्ता गरेको अभियोगलाई आधार मानी सजाय गर्ने गरी गरेको फैसला त्रुटिपूर्ण रहेको छ।

२५. नेपाल राष्ट्र बैङ्कबाट प्राप्त परिपत्र समेतका कागजातले चलनचल्तीमा रहेका भारतीय ५०० र १००० दरका नोटहरू ९ नोभेम्बर २०१६ देखि चलनचल्तीबाट हटाएको र हाल भारतमा चलनचल्तीमा रहेका नयाँ नोटहरू २००, ५०० र २००० साथमा राख्न, ओसारपसार गर्न, कारोबार गर्न पाईने छैन, नेपाली नागरिकले भारतीय रूपैंया भारत बाहेक अन्य मुलुकमा लैजान वा अन्य मुलुकबाट नेपालमा ल्याउन पाईने छैन भनी विदेशी

विनिमय विभागको मिति २०७५।१०।६ च.नं.१८/२०७५-०७६ को परिपत्र साथ मिति २०७६।११।७ मा शुरू अदालतलाई पत्राचार गरेको देखिन्छ। बरामद गरिएका भा.रू. चलनचल्तीका होइनन् भन्ने कुरा स्वयम् बरामदकर्ताले स्वीकार गर्दै पुरानो नोट भनी बरामदि र खानतलासि मुचुल्कामा उल्लेख गरिएको छ। जुन नोट न त भारतमा चल्छ, न त नेपालमै चल्छ, जसलाई कारोबार नै गर्न सकिँदैन, त्यो विदेशी विनिमय नै होइन अनि त्यस्ता नचल्ने खारेज भईसकेका कागजका खोस्टालाई लिएर मसमेत उपर अभियोग लगाउन मिल्ने होइन। अतः हामीलाई कसूरदार ठहराई सजाय गर्ने गरी गरिएको शुरू फैसलालाई सदर हुन ठहर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला गम्भीर कानूनी त्रुटिपूर्ण हुँदा वदर गरी अभियोग दावीबाट सफाई पाऊँ भन्नेसमेत बेहोराको प्रतिवादीहरु हेमराज कठरिया र दुधनाथ योगीले यस अदालतमा दायर गरेको निवेदनपत्र।

२६. यसमा बरामद गरिएको भा.रु. ५००/- र १०००।- का नोटहरु भारतीय रिजर्भ बैङ्कले ९ नोभेम्बर २०१६ पश्चात चलन चल्तीबाट हटाएको अवस्थामा सटही हुन नसक्ने नोटहरु विदेशी विनियम (नियमित गर्ने) ऐन, २०१९ को दफा २(ख), २(घ) र २(घ१) को परिभाषा भित्र पर्न सक्ने हुन्छ वा हुदैन? प्रचलनमा नरहेको नोटहरु कै कारण ऐ. ऐन अन्तर्गतका अपराध मान्न सकिन्छ/सकिदैन? भन्ने सम्बन्धमा उच्च अदालत तुलसीपुर, बुटवल इजलासको २०७८।०९।२६ को फैसलामा व्याख्या र विवेचना भएको नदेखिँदा न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को उपदफा (१) (क) बमोजिम प्रस्तुत मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान गरिएको छ। नियमानुसार गर्नुहोला भनी मिति २०८०।०४।१९ मा यस अदालतबाट भएको आदेश।

यस अदालतको ठहर

२७. नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको निवेदनपत्रसहितको मिसिल संलग्न कागजातहरूको अध्ययन गरियो।

२८. पुनरावेदक प्रतिवादीहरूको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताद्वय श्री हुमबहादुर खत्री र श्री बाबुराम भट्टराईले बरामद भएको भनिएको भारतीय रुपैयाँ बरामदीको समयमा भारत सरकारले बन्द गरिसकेको नोट हुँदा त्यस्तो प्रयोजनहीन नोटबाट पुनरावेदकहरूले कुनै कारोबार गर्न सक्ने अवस्था नै छैन । सो रकम पुनरावेदकहरूको साथबाट बरामद भएको पनि होइन । बरामदी तथा खानतलासी मुचुल्का कानूनी प्रक्रिया पूरा नगरी तयार गरिएको छ । भा.रु. ५०० र १,००० दरका नोट ९ नोभेम्बर २०१६ (२०७३ कार्तिक २४) देखि चलनचल्तीबाट हटाइएको र हाल भारतमा चलनचल्तीमा रहेका नयाँ २००, ५०० र २,००० दरका नोटसमेत साथमा राख्न, ओसारपसार गर्न र कारोबार गर्न नपाइने भनी नेपाल राष्ट्र बैङ्कको मिति २०७५।१०।०६ को परिपत्रमा उल्लेख भएबाट पनि त्यस्ता नोट पुनरावेदकहरूले लिने र कारोबार गर्ने प्रश्नै उठ्दैन। आरोपित कसूर

गरेको कहींकतैबाट नदेखिएको अवस्थामा कसूर कायम गरी सजाय गरेको सुरु जिल्ला अदालतको फैसला सदर गर्ने उच्च अदालतको फैसला फौजदारी न्यायका सर्वमान्य सिद्धान्त र यस अदालतबाट प्रतिपादित नजिरसमेतको विपरीत हुँदा उल्टी गरी अभियोग दाबीबाट सफाइ दिलाई पाऊँ भनी गर्नुभएको बहस सुनियो।

२९. प्रत्यर्थी नेपाल सरकारको तर्फबाट उपस्थित हुनुभएका विद्वान् सहन्यायाधिवक्ता श्री युवराज महतले प्रतिवादीहरू बसेको होटलको कोठाबाट दाबीको अवैध रकम बरामद भएको छ । सो कुरा पुनरावेदक प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा स्वीकार गरेका छन् । कानूनले वर्जित गरेको कार्य गर्ने पुनरावेदकहरूलाई अभियोग दाबीबमोजिम सजाय गरेको सुरु अदालतको फैसला सदर गर्ने उच्च अदालतको फैसला कानूनसम्मत हुँदा सदर हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो।

३०. प्रतिवादीहरूले नेपालमा कारोबार गर्न प्रतिबन्धित भा.रु. १,००० र ५०० दरका जम्मा भा.रु. ५३,००,०००।- (त्रिपन्न लाख) को अवैध कारोबार तथा ओसारपसार गरेकाले निजहरूको सो कार्य विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ३, ४ र ५ तथा सोही ऐनको दफा १२ को अधिकार प्रयोग गरी नेपाल राष्ट्र बैङ्क, केन्द्रीय कार्यालय, विदेशी विनिमय व्यवस्थापन विभागले जारी गरेको मिति २०७४।०३।२३ को संशोधित एकीकृत परिपत्र, २०७४ को बुँदा नं. १३ विपरीतको कसूर हुँदा बरामद भा.रु. को नेपाल राष्ट्र बैङ्कले तोकेको विनिमय दरले हुने ने.रु. ८४,८७,९५०।- (चौरासी लाख सतासी हजार नौ सय पचास) लाई बिगो कायम गरी सोही ऐनको दफा १७(१) बमोजिम बिगोबमोजिमदेखि बिगोको तीन गुणासम्म जरिवाना गरी बरामद भा.रु. जफत गरिपाऊँ भन्ने अभियोग दाबी रहेको देखिन्छ। सुरु रूपन्देही जिल्ला अदालतले मिति २०७७।०९।१५ मा बरामद भा.रु. ५३,००,०००।- सोही ऐनको दफा १७(१) बमोजिम जफत हुने र प्रतिवादीहरू दुधनाथ योगी, गणेश दगामी थापा, हेमराज कठरिया र राजु बुढाथोकीलाई बिगोबमोजिम रु. ८४,८७,९५०।- (चौरासी लाख सतासी हजार नौ सय पचास रुपैयाँ) जरिवाना भई सो जरिवाना निजहरूबाट दामासाहीका दरले असुल हुने ठहर गरेको रहेछ। सो फैसलाउपर प्रतिवादीहरू हेमराज कठरिया र दुधनाथ योगीको पुनरावेदन परेकोमा उच्च अदालत तुलसीपुर, बुटवल इजलासले मिति २०७८।०९।२६ मा सुरु फैसला सदर गरेको, सो फैसलामा चित्त नबुझाई निज दुई जना प्रतिवादीले मुद्दा दोहोऱ्याई हेरिपाऊँ भनी दिएको निवेदनमा यस अदालतबाट मिति २०८०।०४।१९ मा न्याय प्रशासन ऐन, २०७३ को दफा १२ को उपदफा (१) को खण्ड (क) बमोजिम दोहोऱ्याई हेर्ने अनुमति प्रदान भई प्रस्तुत मुद्दा पुनरावेदनको रोहमा निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको देखियो।

३१. उल्लिखित तथ्य, पुनरावेदन जिकिर, बहस र दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्दा यस अदालतले लिएको आधारसमेतलाई दृष्टिगत गर्दा प्रस्तुत मुद्दामा देहायका प्रश्नमा केन्द्रित रही निर्णय दिनुपर्ने देखियोः

(क) भारतमा चलनचल्तीबाट हटाइएका भा.रु. ५०० र १,००० दरका नोट विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (ख), (घ) र (घ१) मा परिभाषित विदेशी मुद्रा, विदेशी विनिमय र विदेशी विनिमय कारोबारभित्र पर्छन् वा पर्दैनन्?

(ख) त्यस्ता नोट बरामद भएको आधारमा प्रतिवादीहरूले सोही ऐनको दफा ३, ४ र ५ तथा नेपाल राष्ट्र बैङ्कको परिपत्र विपरीतको कसूर गरेको ठहर्छ वा ठहर्दैन?

(ग) बरामद नोट जफत गर्ने र प्रचलित सटही दरले बिगो कायम गरी जरिवाना गर्ने गरी भएको ठहर मिलेको छ वा छैन?

(घ) यस अदालतमा पुनरावेदन नगर्ने प्रतिवादीहरू गणेश दगामी थापा र राजु बुढाथोकीको हकमा के हुने हो?

(ङ) उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला मिलेको छ वा छैन र पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन?

३२. निर्णयतर्फ विचार गर्दा, बरामद भएको भनिएको भारतीय रुपैयाँ आफ्नो साथबाट बरामद नभएको, बरामदीको समयमा भा.रु. ५०० र १,००० दरका ती नोट भारत सरकारले चलनचल्तीबाट हटाइसकेको हुँदा त्यसबाट कुनै कारोबार हुन सक्ने अवस्था नरहेको, चलनचल्तीमा नरहेको नोट विदेशी विनिमय नै नभएको, बरामदी तथा खानतलासी मुचुल्का कानूनी प्रक्रिया पूरा नगरी तयार गरिएको र अधिकारप्राप्त अधिकारीसमक्षको बयानबाहेक कसूर पुष्टि गर्ने स्वतन्त्र प्रमाण नभएको अवस्थामा कसूर कायम गरी सजाय गरेको सुरु फैसला सदर गर्ने उच्च अदालतको फैसला त्रुटिपूर्ण हुँदा अभियोग दाबीबाट सफाइ पाऊँ भन्ने पुनरावेदक प्रतिवादीहरूको मुख्य पुनरावेदन जिकिर रहेको देखियो।

३३. मिसिल संलग्न बरामदी तथा खानतलासी मुचुल्काबाट मिति २०७५।०४।०१ गते अन्दाजी १५:०० बजेको समयमा रूपन्देही जिल्ला, सिद्धार्थनगर नगरपालिका वडा नं. १३ स्थित White Lotus होटलको कोठा नं. १०७ मा दुधनाथ योगी, गणेश थापा र हेमराज कठरिया रहेको अवस्थामा सोही कोठाको दक्षिणपट्टि रहेको झोलाबाट भा.रु. १,००० दरका २,६५० थान र ५०० दरका ५,३०० थान गरी जम्मा भा.रु. ५३,००,०००।- (त्रिपन्न लाख) का पुराना नोट फेला परेको देखिन्छ। सो रकम कहाँबाट ल्याएको भनी सोधपुछ गर्दा हेमराज कठरियाले राजु बुढाथोकीले दिएका हुन् भनेकाले निजलाई समेत खोजतलास गरी पक्राउ गरिएको भन्ने बेहोरा प्रहरी प्रतिवेदनमा उल्लेख छ र प्रतिवेदक

प्र.नि. उमेश जोशीले अदालतमा उपस्थित भई सोही बेहोरा समर्थन हुने गरी बकपत्र गरेका छन्।

३४. प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा बरामद नोटको सटहीका लागि ग्राहक खोज्ने, चिनजान गराइदिने र कमिसन लिने-दिने कुरा भएको भनी लेखाएको देखिए पनि अदालतमा बयान गर्दा पुनरावेदक प्रतिवादीहरू दुधनाथ योगी र हेमराज कठरिया तथा प्रतिवादी गणेश दगामी थापाले बरामद नोट आफ्नो होइन, कसको हो थाहा छैन, अनुसन्धानको बयान आफूले भनेबमोजिम नलेखी पढीबाँची नसुनाई सहीछाप गराइएको हो भनी कसूरमा इन्कार गरेका छन्। प्रतिवादी राजु बुढाथोकीले पनि आफूबाट नोट बरामद नभएको र आफूले कारोबार नगरेको भनी इन्कारी बयान गरेका छन्। यसरी हेर्दा उक्त कोठाबाट भा.रु. ५०० र १,००० दरका पुराना नोट बरामद भएको र ती नोट भारतमा ९ नोभेम्बर २०१६ (२०७३ कार्तिक २४) देखि नै चलनचल्तीबाट हटाइएका नोट हुन् भन्ने तथ्यमा पक्षहरूबीच विवाद देखिँदैन। विवाद ती नोटको कानूनी हैसियत र तिनको सम्बन्धमा प्रतिवादीहरूको दायित्वमा छ। दोहोऱ्याई हेर्ने अनुमति प्रदान गर्दा यस अदालतले उठाएको प्रश्न पनि यही हो।

३५. अब पहिलो प्रश्नतर्फ विचार गर्नुअघि विदेशी विनिमयको नियमनसम्बन्धी कानूनको प्रयोजन र त्यसले संरक्षण गर्न खोजेको सरोकार हेर्नु आवश्यक हुन्छ। विदेशी विनिमय कुनै पनि मुलुकको बाह्य भुक्तानी क्षमताको आधार हो। आयातको भुक्तानी, वैदेशिक ऋणको साँवा-ब्याज भुक्तानी र राष्ट्रिय मुद्राको विनिमय दरको स्थायित्व मुलुकसँग रहेको विदेशी विनिमय सञ्चितिमा निर्भर रहन्छ। यस्तो सीमित स्रोतको प्राप्ति, सञ्चय र खर्च अनौपचारिक बाटोबाट हुन थालेमा सञ्चिति घट्ने, पुँजी पलायन हुने, शोधनान्तर स्थिति बिग्रने र अन्ततः सर्वसाधारणको आर्थिक हितमै आघात पुग्ने हुन्छ। त्यसैले विदेशी विनिमयको कारोबारलाई केन्द्रीय बैङ्कको इजाजत, तोकिएको विनिमय दर र तोकिएको प्रयोजनभित्र सीमित राखी औपचारिक प्रणालीमार्फत मात्र प्रवाह हुन दिनु विदेशी विनिमय नियमनको मूल मर्म हो। सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न विदेशी विनिमयको कारोबारलाई नियमित गर्ने उद्देश्य विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को प्रस्तावनाले नै प्रकट गरेको छ।

३६. सो उद्देश्य पूरा गर्न उक्त ऐनले नियमनको एउटा सिङ्गो ढाँचा खडा गरेको छ। दफा ३ ले नेपाल राष्ट्र बैङ्कबाट इजाजतपत्र नलिई विदेशी विनिमयको कारोबार गर्न नपाइने, दफा ४ ले बैङ्कको स्वीकृतिबिना इजाजतपत्रप्राप्त व्यक्तिबाहेक अरूसँग र बैङ्कले तोकेको दरभन्दा फरक दरमा त्यस्तो कारोबार गर्न नपाइने, र दफा ५ ले मुद्रा तथा विदेशी विनिमयको निकासी-पैठारीमा नियन्त्रण रहने व्यवस्था गरेका छन्। दफा १२ ले ऐनमा लेखिएका कुरा कार्यान्वयन गर्न बैङ्कलाई निर्देशन, आदेश र सूचना जारी गर्ने अधिकार दिएको छ भने दफा

१७ ले ऐन, नियम र त्यस्ता आदेश-निर्देशन विपरीतको कार्यलाई दण्डनीय बनाएको छ। यी सबै व्यवस्थाको केन्द्रमा विदेशी विनिमय रहेको छ। नियमनको विषय, इजाजतको विषय, प्रतिबन्धको विषय र दण्डको विषय एउटै हो। ऐनले संरक्षण गर्न खोजेको हित मुलुकको विदेशी विनिमय प्रणाली र सञ्चिति भएकाले त्यस प्रणालीभित्र प्रवेश गर्न वा त्यसबाट बाहिरिन सक्ने मूल्य बोकेको वस्तु मात्र यस ऐनको नियमन र दण्डको दायरामा पर्छ।

३७. **अब, भारतमा चलनचल्तीबाट हटाइएका भा.रु. ५०० र १,००० दरका नोट विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (ख), (घ) र (घ१) मा परिभाषित विदेशी मुद्रा, विदेशी विनिमय र विदेशी विनिमय कारोबारभित्र पर्छन् वा पर्दैनन् भन्ने पहिलो प्रश्नको** निरुपणका लागि ऐनले गरेको परिभाषा तर्फ हेर्नु पर्ने हुन्छ । दफा २ को खण्ड (ख) ले विदेशी मुद्रा भन्नाले नेपाली मुद्राबाहेक अन्य मुद्रा सम्झनुपर्ने र सो शब्दले अन्तर्राष्ट्रिय मुद्रा कोषबाट रकम झिक्ने विशेष अधिकार (स्पेसल ड्रइङ राइट्स), एसियन करेन्सी युनिट, युरोपियन करेन्सी युनिट तथा बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको अन्य उपकरणसमेतलाई जनाउने व्यवस्था गरेको छ। खण्ड (घ) ले विदेशी विनिमय भन्नाले विदेशी मुद्रा, विदेशी मुद्रामा भुक्तानी हुने वा प्राप्त हुने सबै किसिमको निक्षेप, कर्जा, मौज्दात, विदेशी धितोपत्र र विदेशी मुद्रामा भुक्तानी हुने वा हुन सक्ने अन्तर्राष्ट्रिय प्रचलनमा रहेका चेक, ड्राफ्ट, ट्राभलर्स चेक, इलेक्ट्रोनिक फन्ड ट्रान्सफर, क्रेडिट कार्ड, प्रतीतपत्र, विनिमयपत्र र प्रतिज्ञापत्र सम्झनुपर्ने तथा बैङ्कले सार्वजनिक सूचना प्रकाशन र प्रसारण गरी तोकिदिएको अन्य जुनसुकै मौद्रिक उपकरणसमेतलाई जनाउने भनेको छ। खण्ड (घ१) ले विदेशी विनिमय कारोबार भन्नाले विदेशी विनिमय खरिद-बिक्री गर्ने, ऋण लिने-दिने वा अन्य कुनै तरिकाले विदेशी विनिमय लिने-दिने कार्य सम्झनुपर्ने र सो शब्दले बैङ्कले विदेशी विनिमय सटही स्वीकृति दिने कार्यसमेतलाई जनाउने भनी परिभाषित गरेको छ।

३८. यी परिभाषाको आधार शब्द मुद्रा हो र त्यसको अर्थ पनि ऐनले नै खुलाएको छ। दफा २ को खण्ड (क) ले मुद्राभित्र सबै किसिमका करेन्सी नोट र सो खण्डमा उल्लिखित भुक्तानीका अन्य उपकरणलाई समेटेको छ भने खण्ड (क१) ले करेन्सी नोटलाई नगदको रूपमा चलनचल्तीमा रहेको बैङ्क नोट भनी परिभाषित गरेको छ। यसरी हेर्दा कागजी नोट मुद्रा हुनका लागि त्यो नगदको रूपमा चलनचल्तीमा रहेको हुनुपर्छ। विदेशी मुद्रा हुनका लागि त्यो नेपालबाहेक अन्य मुलुकको त्यस्तै चलनचल्तीको मुद्रा हुनुपर्छ र विदेशी विनिमयको पहिलो अङ्ग नै विदेशी मुद्रा भएकाले चलनचल्तीमा नरहेको नोट यो परिभाषा-शृङ्खलाको पहिलो खुड्किलोबाटै अगाडी बढ्न सक्ने हुँदैन। विधायिकाले चलनचल्तीमा रहेको भन्ने विशेषण सोद्देश्य राखेको हो भन्ने कुरा सोही दफामा रहेको सुन र चाँदीको परिभाषाबाट झन् स्पष्ट हुन्छ। त्यहाँ कानूनी रूपले चलनचल्तीमा भएको वा नभएको

मुद्राको रूपमा रहेको सुन र चाँदीलाई समेत समेटिएको छ। चलनचल्तीबाट हटेको वस्तुलाई पनि नियमनभित्र राख्न चाहेको ठाउँमा विधायिकाले त्यही कुरा किटेर लेखेको छ। करेन्सी नोटको हकमा भने ठीक उल्टो, चलनचल्तीमा रहेकोलाई मात्र समेटेको छ। एउटै दफाभित्र विधायिकाले जानीबुझी गरेको यो भिन्नतालाई व्याख्याद्वारा मेट्न मिल्दैन।

३९. कुनै कागज मुद्रा हो वा होइन भन्ने प्रश्नको उत्तर त्यसलाई निष्कासन गर्ने राज्यको कानूनले दिन्छ। मुद्राको कानूनी हैसियत निष्कासनकर्ता राज्यको कानूनबाट निर्धारण हुन्छ भन्ने मौद्रिक कानूनको स्थापित मान्यता (*Lex monetae*) हो। नोटको मूल्य त्यसको कागजमा होइन, निष्कासनकर्ता राज्यले त्यसलाई वैध भुक्तानीको साधन मानी त्यसप्रति लिएको दायित्वमा निहित रहन्छ। राज्यले सो मान्यता फिर्ता लिएपछि त्यो नोटले विनिमयको माध्यम, मूल्यको मापन र मूल्य सञ्चयको साधन भन्ने मुद्राका तीनवटै चरित्र गुमाउँछ र त्यसको कुनै विनिमय दर रहँदैन। मिसिल संलग्न नेपाल राष्ट्र बैङ्कको पत्रबाट भारत सरकार तथा भारतीय रिजर्भ बैङ्कले भा.रु. ५०० र १,००० दरका तत्कालीन नोटलाई ९ नोभेम्बर २०१६ (२०७३।०७।२४) देखि चलनचल्तीबाट हटाएको देखिन्छ। त्यसपछि भारतमा जारी भएको The Specified Bank Notes (Cessation of Liabilities) Act, 2017 ले ३१ डिसेम्बर २०१६ (१६ पुस २०७३) देखि ती नोटप्रति भारतीय रिजर्भ बैङ्कको दायित्वसमेत अन्त्य गरेको छ। प्रस्तुत वारदात मिति २०७५।०४।०१ को हो। अर्थात् बरामद नोटहरु बरामद हुनुभन्दा डेढ वर्षभन्दा पहिला नै आफ्नै मुलुकमा मुद्राको हैसियतबाट बाहिरिइसकेका थिए।

४०. यस स्थितिमा बरामद नोट ऐनको दफा २ को खण्ड (क१) बमोजिम नगदको रूपमा चलनचल्तीमा रहेको बैङ्क नोट होइनन्। करेन्सी नोट नभएपछि ती खण्ड (क) को मुद्रा र खण्ड (ख) को विदेशी मुद्रा पनि होइनन्। खण्ड (घ) मा उल्लिखित निक्षेप, कर्जा, धितोपत्र वा भुक्तानीका अन्य उपकरण त ती हुँदै होइनन्। विदेशी विनिमय नै नभएको वस्तुको लेनदेन खण्ड (घ१) को विदेशी विनिमय कारोबार हुन सक्दैन। नेपाली मुद्राबाहेक अन्य मुद्रा भन्ने खण्ड (ख) को शब्दावलीलाई मात्र समातेर कुनै बेला मुद्रा रहेको जुनसुकै कागजलाई विदेशी मुद्रा मान्नुपर्छ भन्ने अर्थ गर्न मिल्दैन। किनभने त्यस वाक्यांशको मुद्रा शब्द ऐनले नै परिभाषित गरेको शब्द हो र परिभाषित शब्दले ऐनभर त्यही अर्थ बोक्छ। तसर्थ, भारतमा चलनचल्तीबाट हटाइएका भा.रु. ५०० र १,००० दरका नोट विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा २ को खण्ड (ख), (घ) र (घ१) को परिभाषाभित्र पर्दैनन् भन्ने नै यस इजलासको निष्कर्ष छ ।

४१. यो निष्कर्ष फौजदारी कानूनको व्याख्यासम्बन्धी मान्य सिद्धान्तसँगसमेत मेल खान्छ। कानूनले स्पष्ट रूपमा कसूर भनी परिभाषा नगरेको कार्यलाई कसूर मानिँदैन र कानूनले नतोकेको सजाय गर्न हुँदैन भन्ने वैधताको सिद्धान्त (*Nullum crimen sine lege, nulla poena*

sine lege) फौजदारी न्यायको आधारस्तम्भ हो। नेपालको संविधानको धारा २० को उपधारा (४) ले तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायभागी नहुने प्रत्याभूति गरेको छ। यसैबाट फौजदारी कानूनको व्याख्या शब्दले धानेसम्म मात्र गर्नुपर्छ, कसूरको दायरालाई अनुमान, सादृश्य वा नीतिगत वाञ्छनीयताको आधारमा फैलाउन हुँदैन र शब्दको दुई अर्थ सम्भव भएमा अभियुक्तको अनुकूल हुने गरी अर्थ गर्नुपर्छ भन्ने नियम निसृत हुन्छ । विदेशी विनिमय (नियमित गर्ने) ऐन आर्थिक नियमनको कानून भए पनि त्यसको दफा १७ दण्डनीय व्यवस्था हो। नियमनको उद्देश्य जति नै महत्त्वपूर्ण भए पनि दण्डको दायरा भने विधायिकाले लेखेको शब्दभित्रै सीमित रहन्छ। यस अदालतले **नेपाल सरकार विरुद्ध मदनप्रसाद सरावगी** (ने.का.प. २०६६, अङ्क ३, नि.नं. ८०९४) को मुद्दामा पनि *प्रतीतपत्रको रकमको जमानी बसेको आधारमा मात्र जमानी बस्ने व्यक्तिलाई विदेशी विनिमय सर्तअनुरूप प्रयोग नगरेको भनी कारबाही चलाउन मिल्दैन* भनी यस ऐनअन्तर्गतको दायित्वलाई ऐनले किटान नगरेको अवस्थासम्म विस्तार गर्न अस्वीकार गरेको छ।

४२. **अब निर्णय दिनुपर्ने प्रश्न, त्यस्ता नोट बरामद भएको आधारमा प्रतिवादीहरूले सोही ऐनको दफा ३, ४ र ५ तथा नेपाल राष्ट्र बैङ्कको परिपत्र विपरीतको कसूर गरेको ठहर्छ वा ठहर्दैन भन्ने तर्फ विचार गर्दा,** अभियोग दाबीले प्रतिवादीहरूको कार्यलाई ऐनको दफा ३, ४ र ५ एवम् नेपाल राष्ट्र बैङ्कको मिति २०७४।०३।२३ को संशोधित एकीकृत परिपत्र, २०७४ को बुँदा नं. १३ विपरीत भनेको छ। माथि उल्लेख गरिएझै दफा ३, ४ र ५ आकर्षित हुन यी दफाहरु विपरित हुने गरी विदेशी विनिमय नै कारोवार एवम् निकासी पैठारी गरेको हनु पर्ने हुन्छ। दफा १७ को उपदफा (१) तर्फ हेर्दा यो दफाले बैङ्कको आदेश, निर्देशन, परिपत्र र सूचना विपरीतको कार्यलाई पनि दण्डनीय बनाएको हुँदा त्यसतर्फ पनि विचार गर्नुपर्ने हुन्छ। दफा १२ ले बैङ्कलाई दिएको अधिकार ऐनमा लेखिएका कुरा कार्यान्वयन गर्नका लागि निर्देशन र आदेश जारी गर्ने अधिकार हो। प्रत्यायोजित अधिकारअन्तर्गत जारी हुने परिपत्रले मातृ ऐनले निर्धारण गरेको विषयक्षेत्रभित्र रही त्यसको कार्यान्वयनको विधि मिलाउन सक्छ तर ऐनले नै नसमेटेको वस्तुलाई ऐनको दण्डको दायराभित्र ल्याउन सक्दैन। दफा १७ को उपदफा (१) को बनोटले पनि यही देखाउँछ। सो उपदफाले कसूरसँग सम्बन्धित विदेशी विनिमय जफत गर्ने र बिगोको आधारमा जरिवाना गर्ने व्यवस्था गरेको छ। अर्थात् यो दण्ड-व्यवस्थाले कसूरको विषयवस्तु विदेशी विनिमय नै हुने कुरा पूर्वानुमान गरेको छ। चलनचल्तीबाट हटेका नोट नलिनू, नराखू भनी बैङ्कले सर्वसाधारण र बैङ्क तथा वित्तीय संस्थालाई सचेत गराउनु आफ्नो ठाउँमा उचित नियामकीय कदम हो। तर त्यस्तो रोकको उल्लङ्घनलाई विदेशी विनिमयसम्बन्धी कसूर मानी दफा १७ को उपदफा (१) बमोजिम सजाय गर्न भने सो वस्तु विदेशी विनिमय नै हुनुपर्छ।

४३. मिसिल संलग्न नेपाल राष्ट्र बैङ्कको मिति २०७५।१०।०६ को परिपत्रतर्फ हेर्दा, सो परिपत्र प्रस्तुत वारदात (२०७५।०४।०१) भन्दा पछि जारी भएको देखिन्छ। वारदातपछि जारी भएको परिपत्रले त्यसअघिको कार्यलाई कसूर बनाउन सक्दैन। त्यसैले सो परिपत्र प्रतिवादीहरूको दायित्व निर्धारणको आधार हुन सक्दैन। त्यसको सान्दर्भिकता भा.रु. ५०० र १,००० दरका पुराना नोट ९ नोभेम्बर २०१६ देखि नै चलनचल्तीबाट हटेका थिए भन्ने तथ्यको पुष्टिसम्ममा सीमित छ, र त्यो तथ्यले अभियोग दाबीलाई होइन कि बरु बरामद नोट विदेशी विनिमय होइनन् भन्ने निष्कर्षलाई नै बल दिन्छ। तसर्थ, यस्ता नोट बरामद भएको आधारमा मात्र प्रतिवादीहरूले ऐनको दफा ३, ४ र ५ तथा नेपाल राष्ट्र बैङ्कको उल्लेखित परिपत्रको कसूर भित्र पर्ने देखिँदैन ।

४४. **अब अर्को प्रश्न बिगोतर्फ हेर्दा,** अभियोगपत्रले बरामद भा.रु. ५३,००,०००।- लाई नेपाल राष्ट्र बैङ्कको सटही दर (भा.रु. १०० को ने.रु. १६०।१५) ले हिसाब गरी ने.रु. ८४,८७,९५०।- बिगो कायम गरेको छ। बैङ्कले तोक्ने सटही दर चलनचल्तीमा रहेको मुद्राको दर हो। चलनचल्तीबाट हटेको नोटको कुनै सटही दर हुँदैन। जुन नोट न निष्कासनकर्ता मुलुकमा चल्छ न नेपालको कुनै बैङ्क वा इजाजतपत्रप्राप्त संस्थाले सटही गर्छ । त्यसलाई प्रचलित मुद्रासरह मूल्याङ्कन गरी कायम गरिएको बिगो यथार्थ नभई काल्पनिक मानिन्छ । अनुसन्धानको क्रममा ती नोट भा.रु. १०० को ने.रु. ३० का दरले खरिद भएको भनी लेखाइएको बेहोराले समेत ती नोट प्रचलित सटही दरको मूल्य बोक्ने वस्तु थिएनन् भन्ने नै देखाउँछ। दफा १७ को उपदफा (१) को जरिवाना बिगोसँग गाँसिएको हुँदा बिगो नै यथार्थमा कायम हुन नसक्ने वस्तुको आधारमा चौरासी लाखभन्दा बढी जरिवाना गर्नु कसूर र सजायबीचको समानुपातिकताको दृष्टिले पनि मिल्दो देखिँदैन। सुरु अदालत आफैंले यी नोटलाई हाल चलनचल्ती र कारोबारमा नरहेका नोट भनी स्वीकार गर्दागर्दै तिनैलाई प्रचलित दरको विदेशी विनिमय मानी बिगोबमोजिम जरिवाना गरेको र उच्च अदालतले सो विरोधाभासतर्फ विवेचना नै नगरी सदर गरेको देखियो।

४५. अब अभियोगपत्रको औचित्य तर्फ हेर्दा पनि अभियोग दाबी शङ्कारहित तवरले पुष्टि भएको देखिँदैन। फौजदारी मुद्दामा अभियुक्तको कसूर प्रमाणित गर्ने भार वादीको हुने कुरा प्रमाण ऐन, २०३१ को दफा २५ ले व्यवस्था गरेको छ र कसूर प्रमाणित नभएसम्म कसूरदार नमानिने हक नेपालको संविधानको धारा २० को उपधारा (५) ले प्रत्याभूत गरेको छ। प्रस्तुत मुद्दामा नोट प्रतिवादीमध्ये कसैको शरीर वा साथबाट नभई निजहरू रहेको होटलको कोठामा रहेको झोलाबाट बरामद भएको छ। प्रतिवेदक प्र.नि. उमेश जोशीले नै अदालतमा बकपत्र गर्दा होटल बुकिङ कसको नाममा थियो आफूलाई थाहा नभएको भनेका छन्। सो झोला कसले ल्याएको हो भन्ने देखाउने स्वतन्त्र प्रमाण अभियोजन पक्षले पेस गर्न सकेको देखिँदैन। बरामदीको समयमा नोटको कारोवार वा निकासी पैठारी गरेको तथ्य पनि

स्थापित भएको छैन। प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान अदालतमा आई खण्डन गरेका छन्। अनुसन्धानको क्रममा भएको बयान र सहअभियुक्तले एकअर्कालाई देखाएको पोल आफैंमा निर्णायक प्रमाण होइन। त्यसलाई अन्य स्वतन्त्र र विश्वसनीय प्रमाणले समर्थन गर्नुपर्छ। शङ्का जति नै गहिरो भए पनि त्यसले प्रमाणको स्थान लिन सक्दैन र शङ्काको सुविधा अभियुक्तले पाउँछ। तसर्थ बरामद नोट प्रयोग गरी प्रतिवादीहरूले कुनै कारोबार वा निकासी पैठारी गरेको वा गर्न लागेको भन्ने तथ्य अभियोजन पक्षले पुष्टि गर्न सकेको देखिएन।

४६. बरामदी तथा खानतलासी मुचुल्का मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १९ को उपदफा (२) बमोजिमको प्रक्रिया पूरा नगरी तयार गरिएको भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा, उक्त संहिता मिति २०७५ साल भदौ १ गतेदेखि प्रारम्भ भएको हो भने प्रस्तुत खानतलासी तथा बरामदी मिति २०७५।०४।०१ मा भएको छ। संहिता प्रारम्भ हुनुअघि सम्पन्न भइसकेको कारबाहीमा सो दफा आकर्षित हुने अवस्था रहेन। त्यसमाथि सो कोठाबाट नोट बरामद भएको तथ्यलाई प्रतिवादीहरू स्वयंले अदालतको बयानमा स्वीकार गरेका छन्। विवादित नोटहरु कसको हो एवम् सो नोटहरु प्रयोग गरी प्रतिवादीहरूले कुनै कारोबार वा निकासी पैठारी गरेको वा गर्न लागेको हो वा होइन भन्नेमा मात्र छ। बरामद नोट विदेशी विनिमय नै होइनन् भन्ने निष्कर्षमा पुगिसकेको स्थितिमा यस जिकिरतर्फ थप विवेचना गरिरहनु परेन।

४७. यस निष्कर्षको अर्थ चलनचल्तीबाट हटाइएका विदेशी नोटको सङ्कलन वा लेनदेन कानूनसम्मत वा वाञ्छनीय छ भन्ने होइन। त्यस्तो कार्यमा अन्य प्रचलित कानूनबमोजिमको कुनै देखिने कुनै कार्य भएको देखिएको अवस्थामा सोही कानूनबमोजिम नै हुने हुन्छ। त्यसैगरी चलनचल्तीमा रहेको विदेशी मुद्राको हकमा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ र नेपाल राष्ट्र बैङ्कले जारी गरेका निर्देशन पूर्ण रूपमा आकर्षित हुने कुरामा पनि यो फैसलाले कुनै बाधा पार्ने हुँदैन। निष्कासनकर्ता मुलुकले नै मुद्राको हैसियतबाट हटाइसकेको नोटलाई प्रचलित मुद्रासरह विदेशी विनिमय मानी उक्त ऐनको दफा १७ को उपदफा (१) बमोजिम बिगो कायम गरेर सजाय गर्ने ऐनको शब्द र संरचनाले दिँदैन भन्नेसम्म यहाँ भनिएको हो।

४८. बरामद नोटको जफततर्फ विचार गर्दा, सुरु अदालतले बरामद भा.रु. ५३,००,०००।- जफत हुने ठहर गरेको र उच्च अदालतले सो सदर गरेको छ। ती नोट आफ्ना हुन् भनी कुनै पनि प्रतिवादीले अदालतमा दाबी लिएका छैनन्। बरु ती नोट आफ्ना होइनन्, आफूबाट बरामद भएका होइनन् भनेका छन्। पुनरावेदक प्रतिवादीहरूले यस अदालतमा समेत नोट फिर्ता पाऊँ भन्ने जिकिर लिएका छैनन्। ती नोट नेपालमा राख, ओसारपसार गर्न र कारोबार गर्न नपाइने गरी नेपाल राष्ट्र बैङ्कबाट रोक लगाइएको अवस्था पनि छ।

कसैको हकदाबी नरहेको र कसैलाई फिर्ता दिन पनि नमिल्ने यस्तो वस्तु बरामद भएकै अवस्थामा राज्यको जिम्मामा रहनुको विकल्प छैन। तसर्थ, बरामद नोट जफत हुने ठहऱ्याएको हदसम्म सुरु अदालतको फैसला सदर गरेको उच्च अदालतको फैसलामा हस्तक्षेप गरिरहनुपर्ने अवस्था देखिएन। सो हदसम्म उक्त फैसला मनासिब नै देखियो।

४९. अतः माथि विवेचित आधार र कारणबाट बरामद नोट विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ ले परिभाषित गरेको विदेशी मुद्रा र विदेशी विनिमय नभएको, सो नोटको सम्बन्धमा सोही ऐनको दफा ३, ४ र ५ एवम् नेपाल राष्ट्र बैङ्कको मिति २०७४।०३।२३ को संशोधित एकीकृत परिपत्र, २०७४ को बुँदा नं. १३ आकर्षित नहुने, प्रतिवादीहरूले ती नोट प्रयोग गरी कुनै कारोबार तथा निकासी पैठारी गरेको तथ्य पनि पुष्टि नभएको र बिगो नै यथार्थमा कायम हुन नसक्ने अवस्थामा पुनरावेदक प्रतिवादीहरू हेमराज कठरिया र दुधनाथ योगीलाई अभियोग दाबीबमोजिम कसूरदार ठहऱ्याई बिगोबमोजिम जरिवाना हुने ठहर गरेको सुरु रूपन्देही जिल्ला अदालतको फैसला र सो सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला सो हदसम्म मिलेको देखिएन।

५०. **अब चौथो प्रश्न यस अदालतमा पुनरावेदन नगरेका प्रतिवादीहरू गणेश दगामी थापा र राजु बुढाथोकीको हकमा विचार गर्दा,** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४४ को उपदफा (२) मा तल्लो अदालतले गरेको फैसलाउपर कुनै खास कसूरदारको वा प्रतिवादीको मात्र पुनरावेदन परेको रहेछ र त्यस्तो पुनरावेदनको निर्णय गर्दा पुनरावेदन नगर्ने कसूरदार वा प्रतिवादीको हकमा तल्लो अदालतको फैसला फरक पर्ने देखिएमा पुनरावेदन सुन्ने अदालतले सोको कारण खुलाई त्यस्तो कसूरदार वा प्रतिवादीको हकमा पनि कानूनबमोजिम फैसला गर्न सक्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा चारै जना प्रतिवादीउपर एउटै वारदात, एउटै बरामदी र एउटै अभियोग दाबी छ। पुनरावेदक प्रतिवादीहरूले सफाइ पाउने ठहर्नुको मुख्य आधार बरामद नोट विदेशी विनिमय नै होइनन् भन्ने कानूनी निष्कर्ष हो, जुन कुनै प्रतिवादीको व्यक्तिगत अवस्थासँग होइन, अभियोगको विषयवस्तुसँगै गाँसिएको छ। प्रतिवादी राजु बुढाथोकीले अदालतमा बयान गर्दा चिनजान गराइदिएको र त्यसबापत कमिसन पाउने कुरा भएको भने तापनि सो भनाइ चलनचल्तीबाट हटिसकेकै नोटसँग सम्बन्धित हुँदा त्यसले उक्त कानूनी निष्कर्षलाई फरक पार्दैन। एउटै तथ्य र एउटै कानूनी प्रश्नमा पुनरावेदन गर्नेले सफाइ पाउने र नगर्नेले सजाय भोगिरहनुपर्ने स्थिति न्यायको समान प्रयोगको दृष्टिले स्वीकार्य हुँदैन। नेपालको संविधानको धारा १६(१) ले कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन भनी कानूनको समान संरक्षणसम्बन्धि मौलिक हकको प्रत्याभूत गरेको छ। यो संरक्षणबाट यी प्रतिवादीले पुनरावेदन नगरेकै कारणले बंचित गर्नु किन्चित न्यायपूर्ण एवम् मनासिव हुँदैन। तसर्थ, निज

प्रतिवादीहरू गणेश दगामी थापा र राजु बुढाथोकीको हकमा समेत अभियोग दाबीबमोजिम कसूर ठहर गरी जरिवाना गरेको हदसम्म सुरु रूपन्देही जिल्ला अदालतको फैसला फरक पर्ने देखियो।

५१. **अब निर्णय दिनुपर्ने अन्तिम प्रश्न, उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसला मिलेको छ वा छैन र पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने तर्फ हेर्दा**, माथि विवेचित आधार, कारण र प्रमाणसमेतबाट बरामद भा.रु. ५३,००,०००।- (त्रिपन्न लाख) जफत हुने ठहऱ्याएको हदसम्म सुरु रूपन्देही जिल्ला अदालतको मिति २०७७।०९।१५ को फैसला सदर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७८।०९।२६ को फैसला मिलेकै देखिँदा सो हदसम्म सदर हुने ठहर्छ। साथै, माथि विवेचित आधार, कारण र प्रमाणसमेतबाट बरामद नोट विदेशी विनिमय नै होइनन् भन्ने कानूनी निष्कर्षमा पुगिएको हुँदा प्रतिवादीहरू दुधनाथ योगी, गणेश दगामी थापा, हेमराज कठरिया र राजु बुढाथोकीलाई अभियोग दाबीबमोजिम कसूरदार ठहऱ्याई रु. ८४,८७,९५०।- (चौरासी लाख सतासी हजार नौ सय पचास रुपैयाँ) जरिवाना भई सो जरिवाना दामासाहीले जनही रु. २१,२१,९८७।५० (एक्काइस लाख एक्काइस हजार नौ सय सतासी रुपैयाँ पचास पैसा) का दरले असुल हुने ठहर गरेको हदसम्म उक्त फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भई निज चारै जना प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ। अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

१. माथि ठहर खण्डमा लेखिए बमोजिम प्रतिवादीहरु हेमराज कठरिया, दुधनाथ योगी, गणेश दगामी थापा र राजु वुढाथोकीले प्रस्तुत अभियोग दावीबाट सफाई पाउने ठहरी फैसला भएकोले सोही बमोजिम निजहरुका नाममा कायम रहेको लगत कट्टा गर्नु भनी सुरु रुपन्देही जिल्ला अदालतमा लेखि पठाउनू।

२. प्रतिवादीहरु हेमराज कठरिया, गणेश दगामी थापा र दुधनाथ योगीले राजश्व अनुसन्धान विभागको क्रमशः र.नं.१७०२,१७०४ र १७०७ बाट जनही नगद धरौट रु. २१,२१,९८८।- राखी मुद्दाको पूर्पक्ष गर्दै आइरहेका र उक्त जनही धरौटी सुरु रुपन्देही जिल्ला अदालतको धरौटी खातामा रहेको देखिदा उक्त धरौटी रकम फिर्ता पाऊँ भनी कानूनको म्यादभित्र प्रतिवादीहरुको निवेदन परे कानून बमोजिम उक्त धरौटी रकम फिर्ता दिनू भनी सुरु रूपन्देही जिल्ला अदालतमा लेखि पठाउनू।

३. प्रतिवादी राजु वुढाथोकी मिति २०७५।०४।०१ गतेदेखि प्रस्तुत मुद्दाको रोहबाट न्यायिक हिरासतमा रहदै आएको देखिएको र प्रस्तुत मुद्दाबाट सफाई पाउने ठहर भएकोले सोको

जानकारी सम्बन्धित कारागार कार्यालयलाई दिनू भनी सुरु रुपन्देही जिल्ला अदालतमा लेखी पठाउनू।

४. फैसलाको प्रतिलिपिसहित फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनू।

५. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस अदालतको मुद्दा व्यवस्थापन प्रणालीमा अपलोड गरी फैसलाको पिठमा जनाउनू।

६. प्रस्तुत मुद्दाको दायरीको लगतकट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

(मेघराज पोखरेल)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(टेकप्रसाद ढुङ्गाना)
न्यायाधीश

इजलास अधिकृत (उपसचिव):- दामोदर रेग्मी
कम्प्युटर अपरेटरः- अष्ट बहादुर राई
इति संवत् २०८३ साल साउन १४ गते रोज ५ शुभम्.....।